**"शिक्षा, स्वास्थ्य, कृषि र रोजगार सुखी गाउँबासीको आधार,**
**दिगो विकास योजनामा आधारित भौतिक पूर्वाधार"**

# मालिकार्जुन गाउँपालिका दार्चुला
# सुदूर पश्चिम प्रदेश

# आठौं गाउँसभामा
# प्रस्तुत नीति तथा कार्यक्रम
# २०७९

**मितिः २०७९/०३/१०**

मालिकार्जुन गाउँपालिका

**"शिक्षा, स्वास्थ्य, कृषि र रोजगार सुखी गाउँबासीको आधार,**
**दिगो विकास योजनामा आधारित भौतिक पूर्वाधार"**

# मालिकार्जुन गाउँपालिका

# आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम

**यस मालिकार्जुन गाउँपालिकाको गाउँसभामा उपस्थित मालिकार्जुन गाउँपालिका उपाध्यक्ष ज्यू, गाउँसभाका सदस्यज्यूहरु, संचारकर्मी मित्रहरु, शाखा प्रमुख, कर्मचारीहरु, विभिन्न संघसंस्थाका प्रमुख एवं प्रतिनिधि, शिक्षक वुद्धिजिवी एवं उपस्थित सम्पूर्ण आमावुवा, दाजुभाई, दिदीबहिनीहरु,**

देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पछि नेपालको संविधान, २०७२ ले परिकल्पना गरेको व्यवस्था अनुसार संघीय शासन प्रणाली कार्यान्वयन गर्दै दोस्रो पटक स्थानीय तहको निर्वाचन सपन्न भएको छ। मालिकार्जुन गाउँपालिकाको समृद्धिको यात्रालाई अगाडी बढाउने गरी आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

दोस्रो चरणको स्थानीय तहको निर्वाचनवाट नवनिर्वाचित पदाधिकारीहरुलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु । निश्पक्ष, स्वतन्त्र, शान्तिपूर्ण, स्वच्छ र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्नमा आ-आफ्नो स्थानवाट पुऱ्याएको योगदानको उच्च कदर गर्दै सम्पूर्णमा हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु । साथै मतदान प्रक्रियामा सहभागी भई मताधिकारको प्रयोग गर्नुहुने सम्पूर्ण गाउँपालिकाबासी मतदाताहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

मुलुकको शासन प्रणाली र समाजको अग्रगामी रुपान्तरणका लागि विभन्न कालखण्डमा भएका ऐतिहासिक जनआन्दोलन तथा सशस्त्र संघर्ष लगायत विभिन्न परिवर्तनकारी आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन वलिदान गर्नुहुने ज्ञात अज्ञात सहिदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु । वेपत्ता तथा घाइते नागरिकको सु-स्वास्थ्यको कामना व्यक्त गर्दै सम्पूर्ण देशभक्त नागरिकहरुले राष्ट्र निर्माणमा पुऱ्याएको योगदानलाई उच्च सम्मान र मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनको कठिन परिस्थितिमा पनि अथक योगदान दिने सम्पुर्ण आदरणीय अग्रज राजनीतिज्ञहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

नेपालको संविधान, २०७२ को भाग १९ धारा २३० मा स्थानीय तहको राजस्व तथा व्ययको अनुमानको व्यवस्था भए बमोजिम आगामी आ.व. २०७९/०८० का लागि स्पष्ट मार्गचित्र सहित हाम्रो मालिकार्जुन गाउँपालिकाको नीति तथा कार्यक्रम यस गरीमामय सभामा प्रस्तुत गर्न पाउँदा ज्यादै हर्षित तथा गौरवान्वित भएको छु ।

जनचाहना अनुरुप नागरिकहरुको घरदैलोमा सेवा प्रदान गर्ने आधार स्तम्भको रुपमा रहेको स्थानीय तहको निर्वाचनले प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणालीको जगलाई अझ वलियो बनाएको छ । नयाँ जनादेश सहित निर्धारित समयमा नै स्थानीय तहको गठन भए सँगै लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद प्रति प्रतिबद्ध रही दिगो शान्ति, सुशासन, विकास तथा समृद्धिको चाहना पूरा गर्ने दिशामा अग्रसर रहन थप आधार प्राप्त भएको छ ।

**"शिक्षा, स्वास्थ्य, कृषि र रोजगार सुखी गाउँबासीको आधार, दिगो विकास योजनामा आधारित भौतिक पूर्वाधार"** मूल नारालाई सफल बनाउने अठोटका साथ मालिकार्जुन गाउँपालिकालाई समृद्ध पालिका बनाउनका लागि सम्पूर्ण जनप्रतिनिधिहरु, राजनीतिक दल, नागरिक समाज, समाजसेवी, बुद्धिजिवि, संघसंस्था, कर्मचारी, शिक्षक, कृषक, पत्रकार लगायत सम्पूर्ण मालिकार्जुन बासी आमा–बुवा, दाजु–भाई, दिदी बहिनीहरुलाई आ-आफ्नो स्थानवाट सक्दो योगदान पुऱ्याउनका लागि हार्दिक अनुरोध गर्दछौं ।

स्थानीय स्रोत साधनको महत्वलाई आधार मान्दै भरपुर प्रयोग गरी जनताको अर्थपूर्ण सहभागिता सहित जनचाहना अनुरुपको दिगो विकास, सुशासन र समृद्धिको जन आकांक्षा पूरा गर्नको लागि यो नीति कार्यक्रमको अहम भुमिका रहनेछ । जनताको वर्षौं देखिको समृद्ध मालिकार्जुन गाउँपालिका बनाउने चाहनालाई पूरा गर्न आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम यस गाउँसभामा प्रस्तुत गर्न पाउँदा गर्वको अनुभुति भएको छ ।

संघीय र प्रदेश सरकारवाट गाउँपालिकालाई प्राप्त हुने वित्तीय समानीकरण, सशर्त, सम्पुरक, विशेष तथा अन्य अनुदान र राजश्वबाट प्राप्त हुने रकमका साथै गाउँपालिकाको आन्तरिक आय तथा विभिन्न स्रोतवाट गाउँपालिकाको सञ्चित कोषमा प्राप्त हुने रकम अन्तरसरकारी अख्तियारी मार्फत प्राप्त हुने रकमलाई न्यायोचित एवम सामानुपातिक वितरण प्रणालीवाट योजना तथा कार्यक्रमहरुमा विनियोजन गरिनेछ ।

**आदरणीय सभा सदस्यज्यूहरु,**

संघीय सरकार, प्रदेश सरकारसंगको साझेदारी, साझेदार निकायसँगको सहकार्य तथा विगतको मालिकार्जुन गाउँपालिकाको अवस्थालाई मध्यनजर गरी आगामी आ.व. २०७९/०८० को नीति तथा कार्यक्रमलाई निम्नानुसार प्राथमिकीकरण गरेको छु ।

१. शिक्षा क्षेत्रको समग्र विकासलाई प्रविधिमैत्री बनाउने र प्राविधिक शिक्षामा जोड दिन आवश्यक व्यवस्था मिलाएकोछ ।
२. गाउँपालिकाबाट प्रदान गरिने सेवामा डिजिटल प्रविधि, विद्युतीय माध्यम लगायतका आधुनिक प्रविधिको उपयोग गरिने नीति अवलम्बन गरेको छु ।
३. गाउँपालिकाको २० वर्षे दीर्घकालीन गुरु योजना निर्माण गरी आवधिक योजना निर्माण, मध्यकालीन खर्च संरचना र योजना तयार गरी कार्यान्वयन गर्ने नीति लिइनेछ ।
४. गाउँपालिकाका गौरवका योजनाहरुका साथै अन्य ठूला योजनाहरु संघ, प्रदेश र विभिन्न विकास साझेदारहरुको सह-लगानीमा निर्माण गरी कार्यान्वयन गर्ने नीति लिइएकोछ ।

**५.** दिर्घरोगी तथा प्राणघातक रोग (मुटु, मृगौला, क्यान्सर, नसा) लागेका व्यक्तिको उपचारका लागि आर्थिक सहायता उपलब्ध गराउने, पालिकाका सबै नागरिकको स्वास्थ्य सुधारको लागि प्रत्येक घर सबै बस्तीमा नियमित रुपमा घरदैलोमा स्वास्थ्यकर्मी अभियान सञ्चालन गर्ने, सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरुको स्तरोन्नती गरी सुविधा सम्पन्न उपकरण जडान गर्दै दक्ष स्वास्थ्यकर्मीको व्यवस्था गर्ने, अत्यावश्यक औषधिको नियमित आपूर्ति गर्ने, सबै नागरिकलाई

स्वास्थ्य बीमामा सहभागी गराउँदै कमजोर आर्थिक अवस्थाका व्यक्ति र जेष्ठ नागरिकलाई निःशूल्क स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

६. मालिकार्जुन गाउँपालिकाको अर्गानिक कृषि विकास गुरुयोजना तयार गरी समग्र कृषि क्षेत्रको विकासलाई अगाडि बढाउन "**आलीदेखि थालीसम्म**" कार्यक्रम लागु गरिने छ ।जलवायु र जमिनको सम्भाब्यताको आधारमा "**एक गाउँ एक उत्पादन नीति**" अवलम्बन गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

अब म यस गाउँपालिकाको आ.व. २०७९/०८० को विषयक्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## १. सामाजिक विकास क्षेत्रहरुः

### अ. शिक्षा तथा खेलकुदः-

१. हरेक विद्यालयमा प्रारम्भिक बाल विकास केन्द्रको अवधारण अनुरुप बाल विकास कक्षा स्थापना तथा व्यवस्थापन गरी सञ्चालनमा ल्याइने छ ।

२. आधारभूत तथा माध्यमिक विद्यालयलाई सूचकाङ्कका आधारमा मूल्याङ्कन गरी उच्चतम अंक ल्याउने १/१ विद्यालयलाई पुरस्कृत गरिनेछ ।

३. गुणस्तरीय शिक्षाको सुनिश्चतताका लागि सघन अनुगमन र सुपरीवेक्षण मार्फत सिकाइ उपलब्धि वृद्धिका विषेश कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. शैक्षिक क्षेत्रको सर्वाङ्गीण विकासको लागि "**अध्यक्ष शैक्षिक सुधार कार्यक्रम**" सञ्चालन गरिनेछ ।

५. हरेक वडामा नमूना विद्यालयको अवधारणलाई जोड दिंदै सबै विद्यालयमा "**एक विद्यालय एक करेसाबारी**" स्थापना गरी **म हुर्काउँछु मेरो विरुवा** मार्फत हरित विद्यालयको अवधारणामा जोड दिइनेछ ।

६. नेपाल सरकारले घोषणा गरेको विद्यालय कर्मचारी र बालविकास सहजकर्तको न्यूनतम पारिश्रक सम्बन्धी नीतिलाई कार्यान्वयनमा लिइनेछ ।

७. सामुदायिक सिकाइ केन्द्रका परिचालिकाहरुको क्षमता अभिवृद्धि गर्न नजिकको विद्यालयहरु पहिचान गरी सिकाइ गुणस्तर वृद्धि गरिनेछ ।

८. **सबैका लागि र सधैंका लागि शिक्षा** भन्ने नारालाई मूर्तरुप दिन विभिन्न कार्यक्रम सञ्चालन गरिनेछन् ।

९. विद्यालय तहको अन्तिम परीक्षामा उत्कृष्ट अंक ल्याउने विद्यार्थी, सबै भन्दा उच्च प्रतिशतमा विद्यार्थीहरू उत्तीर्ण गराउन सफल विद्यालयलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

१०. गाउँपालिका भित्र रहेको निर्माणाधीन श्री खान मा.वि. ऐरीछानाको खेल मैदानलाई बहुउद्देश्यीय खेल मैदानको रुपमा विकास गरिनेछ, साथै माध्यमिक तथा आधारभूत विद्यालयहरुका खेल मैदानलाई पनि व्यवस्थित गर्दै लगिनेछ ।

११. विद्यालय कर्मचारीहरुका लागि राजिखुसी स्वेच्छिक अवकाश कार्यक्रम ल्याइनेछ ।

१२. प्रत्येक सामुदायिक विद्यालयहरुमा दिवा खाजा कार्यक्रमका लागि भान्साघर र भान्से व्यवस्थापनको नीति लिइनेछ ।

१३. शैक्षिक क्षेत्रको रूपान्तरण गर्न पालिकाको शैक्षिक नीति तर्जुमा र १० वर्षे शैक्षिक योजना निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइने छ ।

१४. हरेक वडाका १/१ जना गरिब तथा जेहेन्दार उत्कृष्ठ विद्यार्थीलाई प्रवीणता प्रमाण पत्र तहमा प्राविधिक शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीका लागि पूर्ण छात्रवृति उपलब्ध गराउन "**शैक्षिक विकास कोष"** स्थापना गरिने छ ।

१५. उच्च शिक्षामा MBBS अध्ययन गर्न चाहाने विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्था गर्ने नीति अंगीकार गरिनेछ ।

१६. आधारभूत तहमा स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१७. समयको माग र अभिभावकको चाहाना अनुसार सवै विद्यालयहरुमा क्रमशः अंग्रेजी माध्यमबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न प्रोत्साहन गरिनेछ, साथै PPP साझेदारी शिक्षा नीति अवलम्बन गरिनेछ ।

१८. महिनावारीको उमेर पुगेका बालिकालाई सहज रुपमा स्यानिटरी प्याडको उपलब्धताका लागि क्रमशः विद्यालय तहमा सेनिटरी भेण्डिङ मेसिन जडान गरिने छ साथै प्रयोग भइसकेका स्यानिटरी प्याडलाई सुरक्षित रुपमा डिस्पोजल गर्न विद्यालयहरूमा क्रमशः सेनिटरी प्याड डिस्पोज इन्सेनेटर मेसिन जडान गरिनेछ ।

१९. भौगोलिक विकटता, विद्यार्थी संख्या तथा आवश्यकताका आधारमा विद्यालय समायोजन गरिने, कक्षा थप/घट गरिने तथा गाभिएका वा बन्द भएका विद्यालयहरूको सम्पत्ति आवश्यकताको आधारमा अन्य विद्यालयहरूमा समायोजन गरिने छ ।

२०. प्रत्येक विद्यालयमा गुनासो सुन्ने व्यवस्थाका लागि अनिवार्य रुपमा गुनासो पेटिकाको व्यवस्था गरिने छ ।

२१. शिक्षाको गुणस्तर विकास गर्नका लागि सामुदायिक विद्यालयहरुको प्रधानाध्यापक नियुक्तिको प्रक्रियालाई प्रदेश लोकसेवासँग समन्वय गरी आवश्यक प्रक्रिया अगाडी बढाइने छ ।

२२. मालिकार्जुन गाउँपालिका भित्रका मालिकार्जुन मा.वि. मड र कृष्ण मा.वि. डाडाँकोटका प्राविधिक शिक्षालयहरूलाई आवश्यकता अनुसार सहयोग गरिने नीति लिईनेछ, साथै अन्य विद्यालयहरुमा पनि प्राविधीक शिक्षाको अध्ययन अध्यापनको नीति अबलम्बन गरिनेछ ।

२३. मालिकार्जुन गाउँपालिकाका सम्पूर्ण विद्यालयहरूमा योग शिक्षकको व्यवस्था गरी विद्यार्थीहरुलाई दैनिक योग अभ्यास गर्ने व्यवस्था मिलाइनेछ ।

२४. विद्यालयहरुमा शिक्षक कर्मचारीबाट समयको परिपालना, नियमितता, उपस्थिति तथा समयको पालनालाई लिएर हुने गरेको नकारात्मक टिप्पणीलाई अन्त्य गर्न तथा शिक्षण सिकाइको समयमा वृद्धि गर्ने प्रयोजनका लागि प्रत्येक विद्यालयमा क्रमशः विद्युतीय हाजिरीको व्यवस्था गर्ने नीति अवलम्वन गरिनेछ ।

२५. विद्यार्थीको सिकाइको गुणस्तरमा विश्वसनीयता कायम गर्न गाउँपालिकाभित्रका सबै विद्यालयहरुको कक्षा ५ र ८ को अन्तिम परीक्षा गाउँपालिका स्तरमै सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

२६. सामुदायिक विद्यालयका शिक्षक, कर्मचारी, राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधि तथा राज्य स्रोतबाट पारिश्रमिक लिने सम्पूर्ण पदाधिकारीका छोराछोरीलाई सामुदायिक विद्यालयमा भर्ना गर्ने नीतिलाई अबलम्बन गर्दै लगिनेछ ।

२७. जनआन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन वलिदान गर्नुहुने मालिकार्जुन गाउँपालिकाका सहिदहरु मोहन सिह धामी (विजय), नयन सिंह बोहरा, गोकर्ण जोशी लगायतका सहिदहरुको स्मृतीमा सम्मान स्वरुप समृती दिवसको आयोजना गरिनुका साथै स्मृती निर्माणका कार्यक्रमहरु संचालन गरिनेछ ।

२८. खेलकुदलाई निरोधात्मक स्वास्थ्य र उद्यमको रुपमा विकास गर्न **"अध्यक्ष रनिङ सिल्ड"** लगायतका खेलकुद कार्यक्रम सञ्चालन गरिने छ ।

**आ.स्वास्थ्य :-**

१. **स्वस्थ गाउँघरः समृद्धिको आधार निरोगी गाउँ हाम्रो अभियान** लाई आत्मसाथ गर्दै स्वास्थ्य सम्बन्धी सेवालाई प्रभावकारी कार्यान्वयनको लागि आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ, कम खर्चिलो तथा गुणस्तरीय बनाउने नीति लिइने छ । समग्रमा आधारभूत स्वास्थ्य तथा सरसफाई तर्फको नीति कार्यक्रम पेस गर्दछु ।

२. मालिकार्जुन गाउँपालिकाको केन्द्र शंकरपुरमा १० शैय्याको अस्पताल सञ्चालनमा ल्याइनेछ ।

३. सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थामा सञ्चालनमा रहेका एम्बुलेन्सहरुमा आवश्यक उपकरण जडान गर्ने, एम्बुलेन्स नभएका स्वास्थ्य संस्थाहरुमा एम्बुलेन्स खरिद गर्ने, भौगोलिक समस्यालाई समाधन गर्न शब बाहन व्यवस्थापन गर्ने, योगलाई नागरिकको स्वास्थ्यसँग जोड्नको लागि **"योग गरौं, निरोगी बनौं"** कार्यक्रम लागु गर्ने, पालिका स्तरमा योग अभ्यास सञ्चालनको लागि योग तथा आयुर्वेद प्रशिक्षण केन्द्र स्थापना गरिने छ ।

४. दिर्घरोगी तथा प्राणघातक रोग (मुटु, मृगौला, क्यान्सर, नसा) लागेका व्यक्तिको उपचारका लागि आर्थिक सहायता उपलब्ध गराउने, पालिकाका सबै नागरिकको स्वास्थ्य सुधारको लागि प्रत्येक घर सबै बस्तीमा नियमित रुपमा घरदैलोमा स्वास्थ्यकर्मी अभियान सञ्चालन गर्ने, सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरुको स्तरोन्नती गरी सुविधा सम्पन्न उपकरण जडान गर्दै दक्ष स्वास्थ्यकर्मीको व्यवस्था गर्ने, अत्यावश्यक औषधिको नियमित आपूर्ति गर्ने, सबै नागरिकलाई स्वास्थ्य बीमामा सहभागी गराउँदै कमजोर आर्थिक अवस्थाका व्यक्ति र जेष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

५. संस्थागत सुत्केरी अभियान र शुन्य कुपोषणका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । संघ र प्रदेश सरकारसंगको समन्वयमा गर्भवती महिलाको गर्भावस्थाको नि:शुल्क परीक्षण पर्न ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम विस्तार गरिनेछ । भौगोलिक अवस्थालाई ध्यानमा दिदै जनताको स्वास्थ्य सुरक्षाको लागि टेलीमेडिसिन सेवा स्थापना गरिनेछ ।

६. महिलाको पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, आङ खस्ने, मुटु, कलेजो, मृगौला सम्बन्धी रोगको पहिचान एवम् निदान गर्न वडा स्तरमा विशेषज्ञ सहितको स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

७. बढ्दो लागु औषध र धुम्रपान नियन्त्रणका लागि साँझेदार संस्थाहरुको समन्वयमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछन ।

८. **उपचार गर्नु भन्दा रोग लाग्न नदिने** भन्ने ध्येयका साथ रोगबाट बच्ने र सम्भाव्यता संग जोडिएको वातावरणीय सरसफाईको कार्यक्रमलाई योजना बनाई लागु गरिने छ । स्वास्थ्य संस्थाहरुलाई आवश्यक पर्ने उपकरणको व्यवस्था गरिनेछ । निर्माण सम्पन्न भएका गाउँघर क्लिनिक र खोप केन्द्रहरु सञ्चालनमा ल्याउने तथा आवश्क थप स्थानहरुमा नयाँ निर्माण गरी कार्यविधिमा उल्लेखित सेवाहरु नियमित रुपमा प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

९. हाल सञ्चालनमा रहेका वर्थिङ सेन्टरहरुलाई व्यवस्थित गर्नुका साथै वर्थिङ सेन्टर नभएका स्वास्थ्य संस्थामा वर्थिङ सेन्टर स्थापना गरी २४ सै घण्टा दक्ष स्वास्थ्यकर्मीबाट सेवा प्रदान गरिने छ ।

१०. आयुर्वेद औषधालय, प्राकृतिक चिकित्सा, योग शिक्षा लगायत अन्य वैकल्पिक स्वास्थ्य पद्धति तथा औषधिको सम्भावना रहेको मालिकार्जुन गाउँपालिकामा जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्र स्थापना गर्न पहल गरिनेछ ।

११. सबै स्वास्थ्य संस्थाहरूलाई सुविधा सम्पन्न बनाई नियमित अनुगमन र नियमन गरी बाह्रै महिना आधारभूत स्वास्थ्य सेवा सहित औषधि उपचारको व्यवस्था गरिनेछ ।

१२. स्वस्थ्य जीवन शैली अवलम्बनको माध्यमबाट सर्ने तथा नसर्ने रोगको रोकथाम तथा न्यूनीकरण गर्न आगामी आ.व. मा आयुर्वेद स्वास्थ्य संस्थाको पहुँचभन्दा टाढा रहेका स्थानहरुमा क्रमशः नागरिक आरोग्य कार्यक्रम सञ्चालन गर्दै लगिनेछ ।

१३. स्वास्थ्य संस्थाको नाममा जग्गा रजिष्ट्रेसन पास भई भवन निर्माण भएका स्थानहरूमा सामुदायिक स्वास्थ्य ईकाइको सेवा संचालन गरिनुका साथै सबै वडाहरुमा मापदण्ड बमोजिम स्वास्थ्य संस्था भवन निर्माणको पहल गरिनेछ ।

१४. सबै विद्यालयमा अध्यनरत विद्यार्थी तथा शिक्षक कर्मचारीहरुको विद्यालयमै गई स्वास्थ्य परीक्षण र परामर्शको व्यवस्था मिलाइने छ ।

१५. आरोग्य मालिकार्जुन गाउँपालिका बनाउन आवधिक रुपमा विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

१६. खोप सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्न पस्ती स्वास्थ्य चौकीमा रहेको कोल्डचेन सवसेन्टरलाई थप व्यवस्थित बनाउनुका साथै गाउँपालिकास्तरीय कोल्डचेन सव सेन्टर संचालन गरिनेछ।

१७. मालिकार्जुन स्वास्थ्य चौकी र पस्ती स्वास्थ्य चौकीमा संचालित प्रयोगशाला सेवालाई स्तरोन्नती गरिनुका साथै अन्य स्वास्थ्य चौकीहरूमा पनि आधारभुत प्रयोगशाला सेवा विस्तारको लागि पहल गरिनेछ ।

१८. नेपाल सरकारले अवलम्बन गरेको अनिवार्य स्वास्थ्य बीमा नीति लागु गरिनेछ, साथै बहु क्षेत्रीय पोषण योजनाले ईङ्गित गरेका कार्यक्रमहरूलाई निरन्तरता दिइने छ ।

१९. मालिकार्जुन गाउँपालिकालाई **"मातृशिशु मैत्री"(Mother & Baby Friendly)** गाउँपालिकाको नीति अनुरुप अगाडि बढाइने छ ।

२०. नियमित खोप कार्यक्रम सञ्चालन गरी पूर्ण खोपयुक्त गाउँपालिका सुनिश्चत गरिने छ ।

## इ. लैङ्गिक समानता र समावेशीकरण, जातीय तथा सामाजिक विभेद न्यूनीकरणः

१. सामाजिक रूपान्तरण मार्फत गरिबी न्युनीकरणलाई सहयोग पुऱ्याउन आर्थिक तथा समाजिक रूपमा पछाडि पारिएका वर्ग तथा समुदायको आवाज अभिवृद्धि गर्न र सेवा प्रवाहमा उनीहरूको पहुँच अभिवृद्धि गर्नका लागि संचालित सामाजिक परिचालन कार्यक्रमहरूलाई अझ शसक्त र प्रभावकारी बनाउन आश्यकता अनुसार वडा, बस्ती स्तरमा टोल विकास समितिहरु गठन गर्ने नीति अवलन्बन गरिने छ ।

२. विकास आयोजनाहरूको निर्णय प्रकृया र कार्यान्वयनमा महिला सहभागिता सुनिश्चितता कायम गर्दे लैगिंक सशक्तीकरण तथा सामाजिक समावेशीकरणको नीति अनुरूप महिलाको आर्थिक तथा सामाजिक शसक्तीकरणका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ । लैगिंक हिंसा र मानव वेचविखन जस्ता सामाजिक अपराधजन्य कार्यलाई नियन्त्रण र निरूत्साहित गर्ने नीति लिइनेछ ।

## ई. ज्येष्ठ नागरिक, एकल महिला/पुरुष, असहाय/अनाथ बालबालिका, लोपोन्मुख जाति, दलित, अपाङ्गता भएका व्यक्ति, अशक्त र पछाडि परेको वर्ग तथा समुदायको उत्थान तथा सामाजिक सुरक्षाः

१. स्थानीय तहवाट प्रदान गरिने सामाजिक सुरक्षा भत्ता कार्यान्वयन तथा व्यक्तिगत घटना दर्तालाई थप व्यवस्थित, प्रभावकारी , पारर्दर्शी तथा प्रविधिको प्रयोगमा आधारित एकीकृत प्रणालीको रुपमा विकास गर्न सामाजिक सुरक्षा तथा पञ्जीकरणका कार्यहरु अनिवार्य रुपमा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली (VERSP-MIS) मार्फत गरिनेछन् ।

२. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन गाँउपालिका, वडा कार्यालय र सेवा प्रदायक बैंक बीच समन्वय गरी सहज, सरल र पहुँचयोग्य बनाइनेछ ।

३. नब्बे बर्ष भन्दा माथिका ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक, बैंक सम्म उपस्थित भई सामाजिक सुरक्षा भत्ता लिन नसक्ने दुर्गम तथा विकट स्थानका लाभग्राही पहिचान गरी त्यस्ता लाभग्राहीहरुलाई घरदैलोमा नै सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउनका लागि बैंक तथा वित्तीय संस्थाहरू सँग समन्वय गरी ए.टी.एम., भुक्तानी केन्द्र, भुक्तानी शिविर शाखा रहित बैंकिङ सेवा, वडाहरुमा घुम्ती शिविर लगायत उचित व्यवस्थापन गरिनेछ ।

४. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ताको सम्बन्धमा वित्तीय साक्षरता, सामाजिक सुरक्षा प्राप्तिको प्रक्रिया तथा त्यसको उपभोग लगायतका वियषमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछन् ।

५. सङ्घीय सरकारबाट प्राप्त अनुदानमा सञ्चालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजनाका लागि आवश्यक थप बजेटको व्यवस्था गरी प्रभावकारी रुपमा लागु गरिने नीति अवलम्बन गरिने छ ।

६. मालिकार्जुन गाउँपालिका भित्रका ६०-६८ बर्ष उमेर समुहका एकल(विदुर) पुरुषहरु तथा आमवुबा दुबै गुमाएका अनाथ बावबालिकाहरुलाई गाउँपालिकावाट सामाजिक सुरक्षा भत्ता प्रदान गर्न कानून बनाई लागू गरिनेछ । बालश्रम, वालविवाह न्यूनीकरण तथा असहाय बालबालिकाको संरक्षण गर्ने नीति लिइनेछ ।

७. **"उपाध्यक्षसँग बाल संरक्षण"** कार्यक्रम मार्फत बालबालिकाहरुको शैक्षिक सुरक्षाको सुनिश्चितता गर्ने नीतिलाई प्रभावकारी बनाइनेछ ।

८. दलित र अपाङ्गता भएका व्यक्ति र एकल महिलाहरुको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्दै लक्षित वर्गको सामाजिक तथा आर्थिक उन्नतिका लागि कार्यक्रमहरु सञ्चालन गरिने छ ।

९. अपाङ्गता भएका व्यक्तिहरूको वास्तविक तथ्यांङ्क संकलन गरी विभिन्न सरकारी तथा गैर सरकारी निकाय तथा संस्थाहरूको सहयोगमा सहयोगी उपकरणहरु , संभाव्य सीप तथा स्वास्थ्य उपचारका साथै समुदायमा आधारित पुर्नस्थापना गृह निर्माण कार्य अगाडि बढाउन पहल गरिने छ ।

१०. समाजका सबै नागरिकहरुको मानव अधिकारको हन्न हुन नदिन सामाजिक सुरक्षा प्रणालीलाई सुदृढ बनाईनेछ । वृद्ध-वृद्धा, एकल महिला, अशक्त, बालबालिका, दलित, लोपोन्मुख जनजाति, अपाङ्गता भएका नागरिकहरुलाई विभिन्न सहुलियत दिने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११. जनआनन्दोलनका घाइते, टुहुरा बालबालिका, शहिद परिवारका बालबालिकाहरुलाई जीवन निर्वाह भत्ताको प्रबन्ध मिलाइनेछ ।

१२. मालिकार्जुन गाउँपालिकाका बालबालिका तथा युवाहरूलाई लक्षित गरी लागुऔषध दुर्व्यसनी, विद्युतीय अपराध विरुद्ध सचेतना जगाउन **"हाम्रो ध्यान युवा सचेतना अभियान"** कार्यक्रम सञ्चालन गरिने छ ।साथै आत्महत्याको घटनालाई न्यूनीकरण गर्न सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।

१३. बालमैत्री पूर्वाधारहरूको विकास गर्दै नेपाल सरकारले ल्याएको बाल मैत्री स्थानीय शासनको अवधारणा अनुरूप स्थानीय तह तथा सरोकारवालाहरूको समन्वयमा **बालश्रम मुक्त मालिकार्जुन गाउँपालिका** बनाउने नीति लिइनेछ ।

१४. मालिकार्जुन गाउँपालिकामा बाल विवाह अन्त्यका लागि स्थानीय रणनीति, २०७६ जारी भई २०८० साल भित्र मालिकार्जुन गाउँपालिकालाई पूर्ण बाल विवाह मुक्त गाउँपालिका घोषणा अभियानलाई प्रभावकारी रुपमा अगाडी बढाइने नीति लिईनेछ ।

१५. बाल-विवाह, बहुविवाह, जातीय छुवाछूत, अनमेल विवाह, सामाजिक कु–संस्कार र अन्धविश्वासको अन्त्य गर्न विभिन्न जनचेतनामूलक समाज सुधारका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

मालिकार्जुन गाउँपालिकालाई समतामुलक सवैखाले विभेद छुवाछूत मुक्त गाउँपालिका बनाउने नीति अङ्गिकार गरिनेछ ।

## २. आर्थिक विकास क्षेत्रः

म अब आर्थिक विकास क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रमहरु पेस गर्न चाहान्छु ।

### अ. कृषि तथा पशु विकासः-

१. खेतियोग्य जमिनको पहिचान गरी कृषियोग्य जमिनमा उत्पादन उपयोग योजना बनाई माटो सुहाउँदो खेती गर्नका लागि आधुनिक यन्त्रको प्रयोग गरी नवीनतम प्रविधि मार्फत कृषि व्यवसाय तिर आकर्षित गर्न **अध्यक्ष कृषि आधुनिकिकरण कार्यक्रम** लागु गरिनेछ ।

२. व्यवसायिक कृषकहरुलाई बेर्ना व्यस्थापन, आधुनिक यन्त्र नवीनतम प्रविधिको प्रयोग गर्न तालिम, मलखादको लागि अनुदान र परामर्श सेवा उपलब्ध गराउन प्रत्येक वडाहरुमा कृषक सहयोग केन्द्र स्थापना गरिनेछ ।

३. सम्भावना रहेका बस्तीहरुको पहिचान गरी आधुनिक प्रविधिमा आधारित कृषि तथा पशुपन्छी विकास कार्यक्रम लागु गर्न पकेट क्षेत्र घोषणा गरी कृषि उपजको उत्पादनका लागि आवश्यक पूर्वाधार निर्माण गर्न मागमा आधारित अनुदान सहित परामर्श सेवा उपलब्ध गराइनेछ ।

४. कृषिजन्य वस्तुको उत्पादन वृद्धि गर्न किसानले भोग्नुपरेका समस्याहरुको समाधान गर्नका लागि **"एक वडा एक प्राविधिक"** जनशक्तिको व्यवस्थापन गरिनेछ ।

५. **"वालीमा विषादीःस्वास्थ्यमा बर्वादी"** भन्ने नारालाई कार्यान्वयन गरी मानव स्वास्थ्यलाई समेत असर गर्ने बाहिरवाट आयात गरिने रसायनिक मललाई न्युनीकरण गर्दै मल खरिदमा लाग्ने खर्च घटाउन घरमै मल उत्पादन गरी अर्गानिक मल प्रयोगमा ल्याउने कार्यक्रम लागु गरिनेछ ।

६. व्यवसायिक कृषि प्रणालीवाट कृषकले उत्पादन गरेको कृषि जन्य उपजहरुको संकलन, प्रसोधन, भण्डारण गर्दै उचित मूल्य तोकी बजारीकरण गर्न बिक्री वितरणमा सहयोग गरिनेछ ।

७. बालीको सुरक्षाको लागि कृषि बीमामा सबै किसान समेटदै व्यवसायिक रुपमा कृषिमा लगानी गरिरहेका किसानहरुलाई कृषि कर्जाको उपलब्धतामा सहजता ल्याई युवाहरुलाई कृषि उत्पादनमा लाग्न उत्प्रेरित गर्ने कार्यक्रम लागू गरिनेछ ।

८. मासुजन्य वस्तुको उत्पादन आत्मनिर्भर बनाउन भेडा, बाख्रा, कुखुरा, बंगुर र अन्य पशुपन्छी पालन जस्ता व्यवसायमा अनुदान दिइनेछ ।

९. दूध र दुग्धजन्य पदार्थको वृद्धि गर्न परम्परा देखि नै विभिन्न जातका गाई भैसीको संरक्षण गरी कृषकलाई उन्नत जातका गाईभैंसी पालन गर्न तर्फ उत्प्रेरित गर्दै घरघर गाई भैसी समृद्धि अभियानलाई प्रोत्साहन गरिनेछ ।

१०. सम्भाव्यताका आधारमा बाली विशेषका पकेट क्षेत्रहरू निर्धारण गरी सोही अनुसार आधुनिक एवम् बैज्ञानिक तरिकाको खाद्यान्न, तरकारी, दूध, फलफूल, मसलावाली, नगदेवाली, च्याउ, माछापालन, पशुपन्छी र मौरीपालन जस्ता कृषि तथा पशुपालन कार्यक्रमहरूलाई व्यवसायीकरण गर्न कृषि समूह, कृषि सहकारी र व्यक्तिगत फर्महरूलाई प्रोत्साहन दिइनेछ ।

११. गाउँपालिका स्तरमा एउटा नमूना कृषक पाठशाला स्थापना गरी व्यवसायिक कृषकहरुको सिक्ने र सिकाउने अवसर प्रदान गर्नका लागि आवश्यक कार्यक्रम लागु गरिनेछ ।

१२. गाउँपालिका स्तरमा ३ जना उत्कृष्ट कृषकहरुलाई बर्ष उत्कृष्ट पुरस्कार प्रदान गरिनेछ ।

१३. मालिकार्जुन गाउँपालिकाको अर्गानिक कृषि विकास गुरुयोजना तयार गरी समग्र कृषि क्षेत्रको विकासलाई अगाडि बढाउन "**आलीदेखि थालीसम्म**" कार्यक्रम लागू गरिनेछ ।

१४. जलवायु र जमिनको सम्भाब्यता को आधारमा **"एक गाउँ एक उत्पादन नीति"** अवलम्बन गरिने छ ।

१५. **"खनौं आफ्नो माटोः छोडौ विदेशको बाटो"** अभियान अन्तर्गत वैदेशिक रोजगारीबाट फर्केका र वैदेशिक रोजगारीमा जान बाध्यता हुनेलाई आकर्षित गर्न प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१६. पशु स्वास्थ्य सेवामा विस्तार, नश्ल सुधार, कृत्रिम गर्भाधान, पशु आहारमा सुधार र पशु स्वास्थ्य सेवाको लागि प्राविधिक जनशक्तिको परिचालन मार्फत मालिकार्जुन गाउँपालिकालाई पशुपालन क्षेत्रको रूपमा विकास गरी मासु तथा दूधको लागि आत्मनिर्भरता तर्फ उन्मुख एवं प्रोत्साहन गरिनेछ ।

१७. कृषि तथा पशुपालन व्यवसायलाई प्रभावकारी बनाउन कृषि गाउँघर क्लिनिक तथा पशु स्वास्थ्य शिविरहरू नियमित रुपमा संचालन गरिनेछ ।

१८. मालिकार्जुन गाउँपालिकामा उत्पादन हुने महलाई मालिकार्जुनको पहिचान हुने गरि लेबलिङ – प्याकेजिङ गरि निकासी गर्न उद्यमीहरूलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।

१९. सिँचाई सुविधा नपुगेका बाँझो तथा खेती नगरेको जमिनमा भू-उपयोग नीति लागु गरी कृषकहरूलाई अनुदान र प्रोत्साहनको नीति लिईनेछ ।

२०. प्रत्येक सेवा केन्द्रमा १/१ जना कृषि र पशु स्वास्थ्य प्राविधिकहरूको व्यवस्था गरी वाली तथा पशु सम्बन्धी रोग निदानका साथै आधुनिक कृषि पाठ-शाला तथा सामुदायिक ज्ञान केन्द्र संचालन गरिने छ । जसको लागि कृषि समुहहरुसँग साँझेदारी गरिनेछ ।

### आ. संस्कृति तथा पर्यटन प्रवर्द्धनः-

१.आस्थाका धरोहर मठ मन्दिरलाई संरक्षण, सम्वर्द्धन गर्दै आध्यात्मिक र धार्मिक पर्यटनको विकासका लागि मठ मन्दिरहरुको सहज दर्शन गर्न पँहुच मार्ग सहित तिनलाई जोड्न सडक सञ्जाल निर्माण गरिनेछ ।

२.वडा नं. ६ मा रहेको ऐतिहासिक उकू श्रीमहलको पुर्ननिर्माण गर्न पुरातत्व विभाग संगको सहकार्यमा उत्खनन् कार्य गरी पुननिर्माण गरिनेछ ।

३.परम्परा देखि चल्दै आएका तथा लोपोन्मुख रीतिरिवाज, भेषभुषा, सस्कृति, पुरातात्त्विक महत्वका सामग्रीहरू संकलन, सम्वर्द्धन एवं जगेर्ना गर्न गाउँपालिका स्तरमा संघ संस्था तथा निजी क्षेत्रसँगको सहकार्यमा एउटा संग्रहालय स्थापना गरिनेछ ।

४.पर्यटकीय सम्भावना रहेका धार्मिक एवम पर्यटकीय स्थलहरुको प्रचार प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढाउने तथा राष्ट्रियधाम श्री शैल्य मालिकार्जुनको विकासका लागि मालिकार्जुन विकास क्षेत्र स्थापना गर्दै धर्मावलम्वीहरुको आवतजावतमा सहजता ल्याउन शिखरधाम सम्म जाने आरामदायी पैदल मार्ग निर्माण गरिनेछ ।

५.पर्यटन पर्वद्धन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरी होटेल, रेस्टुरेन्ट, होमस्टे, पदमार्ग लगायतका क्षेत्रको विकास गरिनेछ ।

६.यस गाउँपालिकाभित्र रहेका सवै मठमन्दिरहरु एवं धार्मिक शक्तिपिठहरुको लगत तथा अभिलेख राखिनुका साथै तिनको संरक्षण र सम्वर्द्धनका लागि उचित व्यवस्थापन गरिनेछ ।

७.मालिकार्जुन गाउँपालिकालाई धार्मिक पर्यटकीय गाउँपालिका घोषणा गर्दै राष्ट्रिय स्तरको पर्यटकीय क्षेत्र घोषणा गराउन पहल गर्ने नीति लिइने छ ।

८.मालिकार्जुन गाउँपालिकाको पहिचान सांस्कृतिक विराशतहरु झोडो, फाग, सगुन, ढुस्को, अठवालि, ठाडो खेल, चैतालो, भाड तथा अन्य शुभ कार्यमा गाईने सगुन, कथा किम्वदन्ति, विभिन्न देविदेवताको जनश्रुति आदि संस्कृति एवं अन्य अमूल्य निधीहरुको अध्ययन, अनुसन्धान, सम्वर्द्धन संरक्षण र प्रवर्द्धन गरिनेछ ।

९.यस गाउँपालिका भित्रका मठ मन्दिरहरूमा मन्दिर व्यवस्थापन समिति गठन गरी मन्दिरको आम्दानीलाई व्यवस्थित लगत राख्ने नीति अङ्गीकार गरिनेछ ।

१०.यस क्षेत्रकै सबै भन्दा अग्लो ठाउँ मालिकार्जुन गाउँपालिकाको न्वालपानी दमौरामा नागरिक आरोग्य केन्द्र, पार्क आदिको व्यवस्थापन गरी पर्यटकहरुलाई आकर्षण गर्ने नीति अगाडी बढाइने छ ।

## इ. उद्योग, वाणिज्य घरेलु तथा लघु उद्यमः

१. गाउँपालिका स्तरमा एक उद्योग ग्राम स्थापना गरी स्थानीय स्तरमा उत्पादन हुने कच्चा पदार्थको प्रशोधनमा सहयोग गरिनेछ ।

२. संघीय सरकारबाट अनुदान प्राप्त गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई आत्मसात गर्दै गाउँपालिका भित्र रहेका उद्यमीहरुको पहिचान गरी साझेदार संस्था सँगको सहकार्यमा स्तर उन्नति तालिमको व्यवस्था मिलाईने र नयाँ उद्यमी सृजना गर्दै लैजाने नीति लिइनेछ ।

३. परम्परागत उत्पादनहरु पारो विन्ना, डोको डालो, नाम्ला डोरी, दुना टपरी, आरन आदिलाई निरन्तरता दिई तिनको संरक्षण प्रर्वद्धनको लागि सीप सिकेर स्रोत साधनको अभावमा बसिरहेका व्यक्तिहरुलाई व्यवसाय सञ्चालन गर्न उचित सहयोग उपलब्ध गराइनेछ ।

४. उद्यमीहरुको उत्पादनलाई वजारीकरण गर्नका लागि स्थानीय स्तरमा आयोजना हुने मेला महोत्सवहरुमा प्रदर्शनीका लागि सहयोग गरिनेछ ।

५. गाउँपालिका भित्रका उद्यमीहरुले उत्पादन गरेको बस्तुको ग्रेडिङ, लेवलिङ, प्याकेजिङ, ब्रान्डीङका लागि विभिन्न साँझेदार संस्थाहरुसंग समन्वय तथा सहकार्य गरिनेछ ।

६. मालिकार्जुन गाउँपालिका भित्र विभिन्न व्यवसाय सञ्चालन गरिरहेका व्यवसायी, उद्यमीहरुलाई अनिवार्य रुपमा गाउँपालिकामा व्यवसाय दर्ता/सुचीकृत गर्न लगाई प्राथमिकताका आधारमा व्यवसायी, उद्यमीहरुको जिवीकोपार्जनमा थप टेवा पुऱ्याउन सम्बन्धित व्यवसायी, उद्यमीहरुलाई उचित प्रोत्साहन गरिनेछ । घरेलु तथा साना उद्योगको विकास र विस्तारका लागि सेवा प्रदायक संस्थासँगको साझेदारीमा लघु उद्यम विकास कार्यक्रम मार्फत स्वरोजगारी सिर्जना गरिने छ ।

## ई. रोजगारः

१. विभिन्न किसिमको सीप सिकेका तथा रोजगारीको खोजिमा रहेका व्यक्तिहरुमा रहेको सीप र ज्ञानको विवरण समेत रोजगार सूचना केन्द्रमा अध्यावधिक गरी त्यस्तो जनशक्तिलाई उपलब्ध हुने निर्माण, सेवा, व्यवसाय, उद्योग, सहकारी, कृषि लगायतका क्षेत्रमा रोजगारदातासंग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गर्ने नीति लिईनेछ ।

२. रोजगार सेवा केन्द्रमा सुचीकृत बेरोजगार व्यक्तिहरु मध्ये गरिबीको रेखामुनी रहेका लक्षित वर्गका अति विपन्न व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरुमा श्रमिक छनौट गर्दा बेरोगार व्यक्तिहरुको परिवारका सदस्य मध्ये कुनै पनि सदस्यहरु आन्तरिक तथा बाह्य रोजगारीमा संलग्न नभएका परिवारका बेरोजगार व्यक्तिहरुलाई पहिलो प्राथमिकतामा राखी सामाजिक संरक्षणको प्रत्याभूति गराइ रोजगारीमा संलग्न गराईने नीति लिईनेछ ।

३. संङ्घीय सरकारको अनुदानबाट सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रमलाई गाउँपालिकाले पनि अपनत्व लिई गाउँपालिकाको परिवेश अनुसार प्रभावकारी रुपमा लागु गरिने नीति अवलम्बन गरिनेछ ।

४. गाउँपालिका भित्रका बेरोजगारीको अवस्था र रोजगारमा सम्भावनाको वास्तविकता पत्ता लगाउन रोजगार नक्साकंन कार्य अघि बढाइनेछ ।

५. रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा १० र प्रधानमन्त्री रोजगार कार्यक्रम, २०७५ को दफा ४४ बमोजिम मालिकार्जुन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको संरचना भित्र रही कार्य गर्ने गरी स्थापना भएको **"रोजगार सेवा केन्द्र"** को सेवालाई नियमित कार्यक्रम बाहेक गाउँपालिकामा रोजगारी सिर्जनाका विशेष कार्यक्रमहरु विकास गरी कार्यान्वयन गर्ने नीति लिईनेछ ।

६. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीपयुक्त दक्ष जनशक्ति, रोजगारीको क्षेत्र र रोजगार सम्बन्धी **"युवा सँग अध्यक्ष कार्यक्रमसँग"** आबद्ध गरी यथार्थ उत्पादनमूलक रोजगारी सिर्जना गर्ने बेरोजगार लक्षित अभियानको रूपमा कार्यान्वयन गरिनेछ ।

### उ. सहकारी तथा वित्तिय व्यवस्थापनः

१. स्थानीय सहकारी संस्थाको दर्ता, परिचालन, प्रवर्द्धन तथा क्षमता अभिवृद्धि गर्न आवश्यक पर्ने नीति लिई कार्यक्रम सञ्चालन गरिनेछ ।

२. कृषि, शिक्षा, स्वास्थ्य, आवास, विद्युत, सञ्चार, उपभोक्ता, फोहोरमैला संकलन तथा प्रशोधन, प्राङ्गारिक मल तथा जैविक विषादी उत्पादन गर्ने जस्ता वस्तुगत सहाकरीको प्रवर्द्धन गरिनेछ ।

३. सार्वजनिक-निजी, सार्वजनिक सहकारी एवम् सार्वजनिक सामुदायिक साझेदारीमा सम्बन्धी नीति तथा कानुन बनाएर स्थानीय सहकारीहरुको पुर्वाधार प्रवर्द्धन र व्यवसायिक विकास गरिनेछ ।

४. बचत तथा ऋण सहकारीका माध्यमवाट उत्पादनमूलक क्षेत्रमा पुँजी परिचालन र वित्तीय पहुँच अभिवृद्धिका कार्यक्रमहरुमा सहयोग गर्दै एक वडा एक उत्पादन कार्यक्रमलाई प्राथमिकताका साथ लागु गरिनेछ ।

५. सहकारीहरुको क्षमता अभिवृद्धि गर्दै सहकारी मार्फत रोजगारी सृजना गर्न चाहने व्यक्ति वा परिवारलाई सहकारी मार्फत सहुलियत व्याजदरमा कर्जा उपलब्ध गराउन पहल गरिनेछ ।

## ३. पूर्वाधार विकास क्षेत्रः-

म अब पूर्वाधार विकास क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रमहरु पेस गर्न चाहान्छु ।

### अ. सडक तथा यातायातः

१. सडक नपुगेका वडा कार्यालय सम्म एक वर्ष भित्रै सडक पुगाइने छ । निर्माण सम्पन्न भई सञ्चालनमा रहेका र सञ्चालनमा आउन नसकेका ग्रामीण सडकहरु (रोड) को स्तारोन्नति गरी नियमित सञ्चालनमा ल्याइने छ । वातावरणीय प्रभाव मूल्याङ्कन गरी सडक निर्माण गर्न भौगोलिक रुपमा कमजोर बस्तीहरु सम्म मुख्य सडकदेखि ग्राभेल तथा घोरेटो बाटो निर्माण गरिनेछ ।

२. सबै वडाहरूलाई ग्रामिण कृषि सडक सञ्जाल मार्फत जोड्न पहल गरिनेछ । गाउँपालिकाको केन्द्र देखि वडा केन्द्र सम्म जोड्ने सबै सडकहरूलाई स्तरोन्नती र ग्राभिल गरि सर्वयाम यातायातका साधनहरू चल्ने बनाउन विशेष ध्यान दिइनेछ ।

३. आकस्मिक र आपतकालीन हवाई उद्धारको लागि गाउँपालिको कुनै एक स्थानमा हेलिप्याड निर्माण गरिने छ । विकास निर्माण र योजना कार्यान्वयन गर्न योजना आयोगको गठन गरिने छ ।
४. सडक पहुँच नपुगेका बस्तीहरुसम्म सडक पुगाउनका लागि संघीय तथा प्रदेश सरकारसंग समन्वय गरी सडक विस्तार गरिनेछ ।
५. बस्ती जोड्न आवश्यक परेका सबै खोलाहरुमा झोलुङ्गे पुल तथा पक्की पुल निर्माणका लागि संघीय र प्रदेश सरकारको तालुक निकायमा पहल गरिनेछ ।

## आ.खानेपानी तथा सरसफाई सम्बन्धी नीतिः-

१. हालसम्म सेवा प्राप्त गर्न नसकेका तथा पिछडिएका वर्गहरुलाई उच्च प्राथमिकतामा राखी दुई वर्ष भित्रमा सबै घरधुरीमा एक घर, एक धारा को व्यवस्था मिलाइनेछ । खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको विकासको लागि कार्यपालिका मातहत रहने गरि खानेपानी सरसफाई तथा स्वच्छता व्यवस्थापन बोर्ड स्थापना गरिनेछ, सो मातहत पालिकास्तरमा आवश्यक जनशक्ति सहितको वास युनिट स्थापना गरिनेछ, सबै निर्मित आयोजना हरुको दिगोपनको लागि हरेक पालिकाले खानेपानी सरसफाई तथा स्वच्छता व्यवस्थापन निर्देशिका तर्जुमा गरी खानेपानी परीक्षण प्रयोगशाला स्थापना गरी संचालन गरिनेछ ।
२. खानेपानी तथा सरसफाइ क्षेत्रमा हुने लगानीको दोहोरोपना हटाउनको लागि पालिका स्तरमा संचालन हुने सबै योजनामा पालिकाको अनिवार्य रुपमा लिखित स्वीकृतिको व्यवस्था गरिनेछ ।
३. पालिकामा रहेका सबै खानेपानी उपभोक्ता समितिहरु दर्ता तथा नवीकरण गर्ने व्यवस्था मिलाइनेछ ।
४. पालिका भित्रका सबै विद्यालयहरुलाई खानेपानी, सरसफाइ स्वच्छता तथा महिनावारी व्यवस्थापन सहितको संरचना निर्माणमा सहयोग गरी तीन तारा मापदण्ड लागु गर्ने, हरेक खानेपानी योजना क्षेत्रमा खेर गएको पानीको व्यवस्थापन गरी करेसाबारी निर्माण गर्न हरेक घरधुरीका सदस्यहरुलाई करेसाबारी व्यवस्थापन तालिम उपलव्ध गराइनेछ ।
५. मुहान नभएर खानेपानीको समस्या रहेका स्थानहरुमा संघ तथा प्रदेश सरकारको सहकार्यमा लिफ्टिङ खानेपानी योजनाहरु सञ्चालन गरिनेछ ।
६. स्वच्छ खानेपानीको दिगो व्यवस्थापनका लागि आयोजना निर्माणको क्रममा नै निश्चित रकम मर्मत सम्भार कोषमा अनिवार्य राख्ने प्रबन्ध मिलाइनेछ ।
७. मालिकार्जुन गाउँपालिकालाई पूर्ण सरसफाई क्षेत्र घोषणा गरिनेछ, स्वच्छता र सरसफाइलाई व्यक्ति र समुदायको पहिचानको विषय बनाइनेछ ।

**इ. जलस्रोत तथा सिंचाईः**

१. सतह तथा भूमिगत सिँचाई, पोखरी निर्माण, कुलो तथा नहर निर्माण र मर्मत जस्ता उपायवाट संघ र प्रदेशको सहकार्यमा सबै कृषि योग्य क्षेत्रमा नियमित रुपमा सिंचाई गर्ने व्यवस्था गरिनेछ ।

२. सिंचाईको कुलो स्तरोन्नती गरी खेतसम्म सहज रुपमा सिंचाई उपलब्ध हुने व्यवस्था गरी नहर, कुलोको दीर्घकालीन मर्मत र व्यवस्थापनको जिम्मा समुदायलाई दिइनेछ ।

३. सिंचाईको लागि मुहानको सम्भाव्यता हेरी संघीय तथा प्रदेश सरकारको सहकार्यमा लिफ्टिङ सिचाइ योजनाहरु सञ्चालनमा ल्याइनेछ ।

**ई. भवन, आवास सहरी विकास तथा बस्ती विकासः**

१. गाउँपालिका भित्र जिर्ण अवस्थामा रहेका वडा कार्यालय, स्वास्थ्य, सामुदायिक भवन, विद्यालय भवनहरुको आवश्यक मर्मत सम्भार गरी सञ्चालनमा ल्याउने तथा आफ्नै भवन नभएका वडा कार्यालय, स्वास्थ्य संस्था, भवन आवश्यक रहेका विद्यालय, सामुदायिक भवनहरु निर्माण गरिनेछन् ।

२. संघीय सरकारको सहयोगमा निर्माणाधीन अवस्थामा रहेको १० शैय्या अस्पताल भवनको निर्माण कार्य निर्धारित समयावधि भित्र सम्पन्न गरी सेवा सञ्चालनमा ल्याइनेछ ।

३. स्थानीय तह, संघ र प्रदेशको सहकार्यमा जनता आवास, सुरक्षित आवास, विपदवाट विस्थापितहरुको आवास तथा एकल महिला, असक्त, अपाङ्गता भएका व्यक्ति, गरिब, मुक्त हलिया र असाह्य परिवारको लागि आवास कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

४. राष्ट्रिय भवन संहिताको प्रभावकारी कार्यान्वयन र अनुगमन मार्फत भुकम्पीय जोखिम न्युनीकरण गर्ने नीति लिइनेछ ।

५. मालिकार्जुन गाउँपालिकाको भवन निर्माण आचारसंहिता सम्बन्धि स्थानीय स्तर अनुकुलको कानून बनाई घर नक्सा पास प्रणाली लागु गरिनेछ ।

६. राष्ट्रवादी नेता स्वर्गिय प्रेम सिंह धामीको सम्झनामा **प्रेम सिंह धामी स्मृती वहुउद्देशिय** सभाहल निर्माण गरिनेछ ।

उ. **विद्युतीकरण तथा उर्जाः**

१. विद्युतीकरण भएका बस्तीको प्रसारण लाईन व्यवस्थित गर्दै विद्युत नपुगेका घरधुरीमा तत्काल विद्युतीकरण गर्न कार्यक्रम लागु गरी प्रत्येक घरधुरीमा विजुली पुगाइने छ । तत्काल विद्युतीकरण गर्न भौगोलिक विकटताले गर्दा असम्भव रहेका वस्तीहरुमा सोलार मिनिग्रेट स्थापना गरी विद्युत सेवा दिईने छ ।

२. भौगोलिक विकटतामा रहेका घरधुरीको विद्युत महशुल भुक्तानीको लागि वडा कार्यालयमा विद्युत महशुल संकलन केन्द्र स्थापना गरी महशुल बुझाउन विद्युत कार्यालय जानुपर्ने बाध्यता हटाइने छ ।

३. पालिकाका विभिन्न स्थानहरुमा जडान भएका सोलार सैर्य बत्तिको मर्मत र सम्भार गरी सञ्चालनमा ल्याउने र बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र नेपाल विद्युत प्राधिकरणसँगको साझेदारीमा मुख्य बजार क्षेत्र तथा आवतजावत हुने सडकमा सडक बत्ति जडान गरिने छ ।

४. सबैलाई न्यूनतम मात्रामा आधुनिक उर्जामा पहुच पुर्‍याउने योजना, घरेलु प्रयोगमा उर्जाको उपयोग बढाउने कार्यहरु, इन्डेक्स चुलो प्रयोगमा ल्याउने नीति लिइनेछ ।

**ऊ. सूचना तथा संचारः**

१. मोबाईल सेवा नपुगेका घर, टोल, वस्ती र वडाहरुमा नेटवर्क विस्तारको लागि नेपाल टेलिकम, एनसेल र अन्य सेवाप्रदायक कम्पनी संग समन्वय गरी मोवाईल नेटवर्कको गुणस्तर सुधार गर्ने, मोवाईल नेटवर्क कभरेज नपुगेका सबै ठाउँमा टावर स्थापना गरी मोवाईल सेवा सुचारु गरिनेछ ।

२. डिजिटल नेपाल अभियानको कार्यविधि अनुसार सबै स्वास्थ्य संस्था, विद्यालय, वडा कार्यालय, सहकारी संस्था र सामुदायिक संस्थाहरुमा द्रुत गतिको इन्टरनेट/इन्ट्रानेट जडान गरि गाउँपालिकाबाट उपलब्ध गरिने हरेक सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्ने प्रणालीको स्थापना गर्ने, सेवा प्रदायकका सबै टावरमा 4G डिभाईस जडान गर्न लगाई सेवा सञ्चालनमा ल्याइनेछ ।

३. स्थानीय एफ. एम. रेडियोहरु, पत्रपत्रिका र अनलाई सञ्चार माध्यमको प्रयोग गरि पालिकाबाट प्रवाह गरिने सबै सूचना, सन्देश नागरिक सम्म पुगाउन, पालिका अन्तर्गत रहेको सबै शाखा र वडा कार्यालय एवं अन्य सामुदायिक संस्थासंग छिटो सूचना, सञ्चार तथा डकुमेन्ट आदान प्रदान गर्न आन्तरिक सूचना प्रणाली व्यवस्थापन को लागि पूर्वाधार तयार गरिनेछ ।

४. एफ.एम.रेडियो, पत्रपत्रिका, अनलाइन सञ्चार माध्यम एवंम सामाजिक सञ्जालको सञ्चालन तथा अधिकतम प्रयोग गरी जनचेतना, कृषि सेवा, मौसम पूर्वाअनुमान, यातायात तथा ट्राफिक नियम सम्बन्धी सन्देश, बजार मूल्य, विपद तथा महामारी विरुद्ध सचेतना र विभिन्न किसिमका जनचेतनामूलक रेडियो कार्यक्रमहरु उत्पादन गरी प्रशारणको व्यवस्था मिलाइनेछ ।

५. गाउँपालिकामा प्रशारण क्षेत्र रहेका सामुदायिक रेडियोहरुको भौतिक पूर्वाधार, उपहरण सहयोग र क्षमता विकास गर्नका लागि आवश्यक कार्यक्रम ल्याइनेछ ।

६. सूचनाको हकको प्रत्याभूति गराउदै आवधिक स्वतः प्रकाशन अनिवार्य रुपमा कार्यान्वयन गरिनेछ ।

७. नेपाल प्रत्रकार महासंघ दार्चुला शाखाको भवन निर्माणका लागि आवश्यक सहयोग गरिनेछ ।

८. जनप्रतिनिधि, कर्मचारी, शिक्षकहरु लगायत सरोकारवालाहरु तालिम दिई प्रविधिमैत्री हुन सहयोग गरिनेछ ।

९. सम्पूर्ण वडाको विवरण समेट्ने गरी एकिकृत स्थानीय सरकार पाश्वचित्र (iLG Profile) तयार पारिनेछ ।

१०. मालिकार्जुन गाउँपालिका घर भइ विभिन्न सञ्चार माध्यममा क्रियाशील पत्रकारहरुका लागि **"प्रेम सिह धामी पत्रकारिता पुरस्कार"** को व्यवस्थापन गरिनेछ ।

## ए. भूमि व्यवस्थाः

१. मालपोत तथा जग्गा प्रशासनका कार्यहरु स्थानीय तहबाट गर्न संघ सरकारसंग सहकार्य गर्दै, उस्थानीय तहमा भू:सेवा केन्द्र स्थापना गर्नका लागि आवश्यक पहल गरिनेछ ।

२. गाउँपालिकामा नमुना बस्ती निर्माणका लागि आवश्यक योजना बनाई कार्यान्वयनमा ल्याइनेछ ।

३. सार्वजनिक जग्गा संरक्षण र विकास तथा व्यवस्थापन र कृषि उत्पादन वृद्धिका लागि जग्गा चक्लाबन्दी र एकीकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

४. निजी जमिन, मन्दिरको क्षे०त्र, विद्यालयको क्षेत्र, सार्वजनिक जमिन, पर्ती ऐलानी जमिन, सामुदायिक वन क्षेत्र, वडा तथा गाउँपालिकाको क्षेत्र तथा सीमा क्षेत्र यककीन गराउन सम्बन्धित निकायमा पहल गर्ने/गराउने नीति लिइनेछ ।

## ५. वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रः

म अब वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रमहरु पेस गर्न चाहन्छु ।

१. जलवायु परिवर्तन, जल तथा मनसुनजन्य प्रकोप नियन्त्रण, वन डडेलो नियन्त्रण, विभिन्न किसिमका प्राकृतिक तथा अन्य विपदको तत्काल व्यवस्थापन तथा प्रतिकार्य गर्नका लागि वातावरण तथा विपद् व्यवस्थापन कोष स्थापना गरिनेछ ।

२. वनलाई आर्थिक तथा वातावरण मैत्री बनाउन वैज्ञानिक वन व्यवस्थापन योजना निर्माण गर्न तथा वनजन्य उद्योगहरू स्थापनालाई नीतिगत रूपमा खुकुलो बनाउन सम्बन्धित निकायमा पहल गरिने नीति लिईनेछ ।

३. हरित सडक निर्माणमा जोड दिँदै अम्रिसो, बाँस, निगालो, धुपी, गुराँस लगायत अन्य जातका बिरुवाहरु सडकको छेउमा लगाउन वृक्षारोपण अभियान सञ्चालन गरी ग्रामिण हरित कृर्षि सडकको साथै एग्रो ईको (Agro-Eco) पर्यटनको अवधारणा विकास गरी मेरो बालक मेरो वृक्ष कार्यक्रम लागु गरिनेछ ।

४. गाउँपालिकाको आर्थिक समृद्धिका लागि प्राकृतिक सम्पदाहरु, जल, जमिन, जंगल, ढुंगा , रोडा ,बालुवा, गिटी, खानी तथा खनिज पदार्थको संरक्षण,उपयोग र प्रयोग गर्दा गाउँपालिकाबाट अनिवार्य रुपमा अनुमति लिई दर्ता गर्नुपर्ने नीति लिईनेछ ।

५. भू–क्षय तथा प्राकृतिक प्रकोपको दृष्टिकोणबाट संवेदनशील मानिएका तथा उच्च जोखिममा रहेका क्षेत्रहरुलाई पहिचान गरी संरक्षणको लागि प्रवन्ध मिलाइनेछ ।

६. सामुदायिक वनहरुको विधान तथा कार्ययोजना निर्माण गरी वन उपभोक्ताहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

७. विपद् समयमा प्रयोग गर्न सकिने आश्रय स्थल तथा खुला ठाउँहरुको पहिचान गरी नक्साङ्कन गरिनेछ ।

८. वन तथा वनस्पति स्रोतको संरक्षण, व्यवस्थापन तथा सदुपयोगबाट स्थानीय समुदायको सहभागीता अभिवृद्धि गर्दै वन पैदावारबाट प्राप्त राजश्वले गाउँपालिकाको आर्थिक विकासमा योगदान पुऱ्याइने हुँदा यसको समुचित व्यवस्थापन गरिनेछ ।

९. भू–क्षय तथा प्राकृतिक प्रकोपको दृष्टिकोणबाट संवेदनशील मानिएका तथा उच्च जोखिममा रहेका क्षेत्रहरूलाई पहिचान गरी संरक्षणको लागि प्रवन्ध मिलाइनेछ ।

१०. मनसुन जन्य विपद् बाट प्रभावित घर परिवारहरूलाई आवश्यक राहत तथा पुर्नस्थापनका लागि प्रदेश सरकार र सङ्घीय सरकार सँग आवश्यक समन्वय गर्ने नीति लिईनेछ ।

## ६. संस्थागत विकास तथा सेवा प्रवाहः

म अब संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रमहरु पेस गर्न चाहान्छु ।

१. गाउँपालिकाबाट प्रदान गरिने सेवामा डिजिटल प्रविधि, विद्युतीय माध्यम लगायतका आधुनिक प्रविधिहरुको उपयोग गरिने नीति अवलम्बन गरिने छ ।

२. शाखा प्रमुखहरु, विद्यालयका प्रध्यानाध्यापकहरुसँग कार्यसम्पादन करार सम्झौता गरी कर्मचारीको सेवा प्रवाहको उच्च मूल्याङ्कन गरी उत्कृष्ट सेवा प्रवाह गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने नीति लागु गरिनेछ ।

३. विद्यालयका शिक्षक, प्रधानाध्यपक, विद्यालय व्यवस्थापन समिति सदस्यहरुको क्षमता वृद्धि गर्न मागमा आधारित पेशागत र नेतृत्व विकास तालिम सञ्चालन गरिनेछ ।

४. गाउँपालिका र वडा कार्यालयबाट सम्पादन गरिने कार्यलाई कम कागज (Paper Less) विधि अपनाउदै विद्युतीय प्रणालीको उपयोगलाई बढवा दिने र विद्युतीय प्रणालीबाटै अनुगमन गर्ने पद्धितिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

५. गाउँपालिका र वडा कार्यालयबाट दिइने सेवा, सुविधा छिटो, छरितो ढंगबाट प्रवाह गर्ने, पालिका र वडाकार्यालयबाट सञ्चालन हुने कार्यमा, पारदर्शिता, सुशासन र जवाफदेहिता कायम गर्ने, प्रत्येक महिना कार्यालयको अन्तिममा आय व्यय र प्रगति विवरण सार्वजनिक गरिने छ भने प्रत्येक चौमासिकमा वडा कार्यालय र पालिका कार्यालयबाट प्रभाव भएको सेवा र वस्तुको सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

६. सरकारी निकायमा हुने भ्रष्टाचारलाई शुन्यमा पुगाउदै जनप्रतिनीधि र कर्मचारीबाट भ्रष्टाचार भएको प्रमाणित भएमा दण्ड सजायको व्यवस्था गर्ने, गाउँपालिकाका वडा कार्यालय र अन्य शाखाहरुबाट प्रदान गरिने सेवालाई प्रभावकारी बनाउन घरदैलोमा सेवा दिन घुम्ती शिविरबाट सेवा दिइनेछ ।

७. गैर–सरकारी, संघ–संस्थाहरु संग साझेदारी गरी परिणाममुखी काम गर्न प्रोत्साहन गरिनेछ, सबै NGO-INGO हरुले गाउँपालिका भित्र संचालन गरिने कार्यक्रमहरुका लागि गाउँसभाबाट अनिवार्य रुपमा कार्यक्रमहरु पारित गर्नुपर्ने नीति लिइनेछ ।

८. गाउँपालिकाको वेवसाइटलाई अद्यावधिक राखी महत्वपूर्ण निर्णय, सूचना तथा जानकारीलाई वेवसाइटमा राख्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

९. गाउँपालिकाको मुख्य कार्यालयमा डिजिटल सूचना पाटी र डिजिटल नागरिक वडापत्र जडान गरिनेछ ।

१०. गाउँपालिकाबाट प्रदान गरिने सबै प्रकारका सेवासुविधाहरुलाई क्रमशः सफ्टवेयर प्रणाली तथा विद्युतीय माध्यमबाट सञ्चालन गर्दै लगिनेछ ।

११. सङ्घीय सरकारबाट जारी भएको मध्यमकालीन खर्च संरचना दिग्दर्शन, २०७८ अनुसार यस गाउँपालिकाको मध्यमकालिन खर्च संरचना तर्जुमा गरी लागु गरिनेछ ।

१२. गाउँपालिकामा कार्यरत कर्मचारीहरुको सेवा सुविधाको सुनिश्चित गर्नका लागि **"कर्मचारी कल्याण कोष"** को व्यवस्थापन गर्न कार्यविधि तयार गरिनेछ ।

१३. मालिकार्जुन गाउँपालिकाको कर्मचारी संगठन व्यवस्थापनमा सुधार गरी उच्च जनशक्तिको विकासमा जोड दिंदै **"स्थानीय कर्मचारी सेवा नियमावलीको"** तर्जुमा गरी लागु गरिनेछ ।

१४. गाउँपालिकाबाट प्रवाह हुने सबै सेवाहरुलाई छिटो, छरितो र व्यवस्थित गर्न नागरिक सहायता कक्ष निर्माण गरिनेछ ।

१५. सेवा प्रवाहमा टोकन सिस्टम, गुनासो व्यवस्थापनका लागि कल सेन्टर, जनता सँग जनप्रतिनिधिको प्रत्यक्ष संवाद रेडियो कार्यक्रम सञ्चालनको नीति लिईनेछ ।

१६. कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धिका लागि अभिमुखीकरण, तालिम, गोष्ठी तथा अवलोकन भ्रमणको कार्यक्रमलाई अगाडि बढाइनेछ ।

१७. गाउँपालिकाद्वारा जारी हुने ऐन, नियम, निर्देशिका, मापदण्ड, कार्यविधि तथा आदेशहरु स्थानीय राजपत्र मार्फत् प्रकाशन गरिनेछ ।

१८. गाउँपालिका लगायत अन्य कार्यालयहरुवाट प्रदान गरिने डिजिटल सेवालाई प्रभावकारी बनाउन निजी साँझेदार कम्पनीहरुसँग सेवा खरीद गरि कार्यान्वयन गरिनेछ ।

**आदरणीय उपस्थित सभा सदस्य ज्यूहरु !**

यस गाउँपालिकाको नीति तथा कार्यक्रम सम्वृद्ध गाउँपालिकाको दीर्घकालीन सोच र लक्ष्यको मार्गदर्शक दस्तावेज हो । गाउँपलिकाको एक्लो प्रयासबाट मात्रै लक्ष्य हासिल गर्न सम्भव छैन । संघीय सरकार प्रदेश सरकार सरकारी तथा गैरसरकारी संङ्घ संस्था र सहकारी सङ्घ संस्थाको संयुक्त प्रयास सहकार्य र स्वामित्वलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु अपरिहार्य छ । मालिकार्जुन गाउँपालिकाले गाउँपालिकाका सरोकारवालाहरुको सहकार्य र समन्वयमा आफ्ना क्रियाकलापहरु सञ्चालन गर्ने बेहोरा अवगत गराउँदै यो नीति तथा कार्यक्रम कार्यान्वयनमा सबैको सहयोग रहने विश्वासका साथ सम्वृद्ध गाउँपलिका निर्माणको महाअभियानमा सहभागिताका लागि आह्वान गर्दछु ।

अन्तमा, गाउँपालिकाको विकास र समृद्धिको लागि योगदान पुऱ्याउन नेपाल सरकार तथा प्रदेश सरकारका माननीय मन्त्री तथा संसदहरु, छिमेकी स्थानीय तह, विभिन्न दातृ निकायहरु, स्थानीय प्रशासन, समाजिक संघ संस्था, क्रियाशील राजनैतिक दल, जन निर्वाचित जनप्रतिनिधिहरू, नागरिक समाज, निजी क्षेत्र , समस्त बौद्धिक वर्ग , पत्रकार, आम नागरिक तथा राष्ट्रसेवक कर्मचारी लगायत सम्पूर्ण गाउँपालिकाबासी आमाबुवा, दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

*******धन्यवाद********